का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ भदौ २०८०,
शुक्रबार
25 August 2023,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक २११ । पृष्ठ १०
nha National Daily
www.madhyanhadaily.com

ईपेपर हेर्न



काठमाडौँको टुडिखेलमा बिहीबार आयोजना गरिएको गौरा पर्वमा गौरादेविलाई शिरमा राखेर नाच्दै महिला । तस्बिर: विमलबहादुर बिष्ट/रासस

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कोशी सरकार फेरि काम चलाउ

## 'मुख्यमन्त्री थापाले लिएको विश्वासको मत संविधानसम्मत देखिएन'

सर्वोच्च अदालतले प्रदेश सभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्ताव निर्णय गर्दा मत बराबर भएको अवस्थामा बाहेक अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार नहुने प्रष्ट ब्याख्या गरेको छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

कोशी प्रदेश सरकार काम चलाउ सरकारको रुपमा परिणत भएको छ । बिहीबार सर्वोच्च अदालतले कोशी सरकारविरुद्ध अन्तरिम आदेश जारी गर्दै दीर्घकालीन असर पर्ने र नीतिगत निर्णय नगर्न भनेको छ ।

मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत लिने क्रममा प्रदेशसभाको अध्यक्षता गरेका सांसद इस्राइल मन्सुरीले पनि भोट हालेपछि एमालेले दायर गरेको रिटमा सर्वोच्चले यस्तो आदेश जारी गरेको हो ।

अध्यक्षता गर्ने व्यक्तिको समेत मतदान गर्नु र त्यस आधारमा विश्वासको मत पाएको घोषणा गर्नु संविधान अनुकुल नरहेको सर्वोच्चको ठहर छ। यस आधारमा सर्वोच्च अदालतले मुख्यमन्त्री थापाले लिएको विश्वासको मत संविधानसम्मत नदिएको उल्लेख गर्दै दीर्घकालीन असर पर्ने र नीतिगत निर्णय नगर्न भनेको हो ।

'मुख्यमन्त्री थापाले संविधानसम्मत रुपमा विश्वासको मत प्राप्त गरेको भनी मान्न मिल्ने अवस्था पृष्ठ २ मा

# ९ महिनापछि नेतृत्व पाउँदै मिनी संसद



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

आम चुनाव भएको ९ महिनापछि संघीय संसदको संसदीय विषयगत समितिका सभापति निर्वाचनको प्रक्रिया अगाडि बढेको छ । बिहीबार संसदीय समिति सभापतिका लागि निर्वाचन कार्यतालिका सार्वजनिक भएको छ। कार्यतालिका अनुसार भदौ ११ गते संसदीय समितिका सभापति चयन हुनेछ ।संसद सचिवालयले सार्वजनिक गरेको कार्यसूचीअनुसार निर्वाचनको अघिल्लो पृष्ठ २ मा

## रास्वपा र राप्रपाले सभापति नपाउने !

राजनीतिक दलहरुका बीचमा भएको भनिएको सहमतिमा संसदको चौथो ठूलो दल रास्वपा र पाँचौं ठूलो दल राप्रपालाई भने संसदीय समिति सभापति दिइएको छैन ।

सत्तारुढ दल र प्रमुख प्रतिपक्षबीच संसदीय समिति सभापतिमा भागबण्डा मिलेपछि सभामुखले निर्वाचन मिति तोकेका हुन्। दलहरुबीचको सहमतिअनुसार कांग्रेसले ४, एमालेले ३, माओवादी केन्द्रले २, एकीकृत समाजवादी, जसपा र जनमतले १/१ वटा समितिको सभापति लिने भएका छन् । पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# आ.व.को पहिलो महिनामै २९ हजार बढी वैदेशिक रोजगारमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ भदौ

समग्रमा साउन महिनामा वैदेशिक रोजगारीमा जानेको संख्यामा अघिल्ला वर्षको तुलनामा कमी आएपनि म्यानपावर कम्पनीमार्फत जाने कामदारको संख्या हाराहारीमा रहेको छ । गत आर्थिक वर्षको अन्तिम महिना असारमा संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत २८ हजार २ सय ३४ जना युवायुवतीले वैदेशिक रोजगारमा जान श्रम स्वीकृति लिएकोमा साउन महिनामा उक्त संख्या २९ हजार २ सय २४ रहेको छ । साउनमा व्यक्तिगत नयाँ ७ हजार ५ सय ६८ जनाले श्रम स्वीकृति लिएका छन् ।

वैदेशिक रोजगार विभागको साउन महिनाको प्रगति प्रतिवेदनअनुसार साउनमा नयाँ र पुन: श्रम स्वीकृति लिनेको संख्या ५५ हजार ५ सय ७५ रहेको छ। गत आर्थिक वर्षको साउन महिनामा उक्त संख्या ६३ हजार ३९ थियो ।

गत वर्षदेखि निरन्तररूपमा मलेसियामा धेरै नेपाली गएको भएपनि गत पृष्ठ २ मा

## साउनमा निल कमल शीर्ष स्थानमा

**काठमाडौं/मस–** साउन महिनामा धेरै कामदार पठाउने कम्पनीको शीर्ष स्थानमा निल कमल ह्युमन रिसोर्स प्रा.लि. रहेको छ । निल कमल ह्युमन रिसोर्स प्रा.लि.ले ६१६ महिलासहित ७६२ जनालाई वैदेशिक रोजगारमा पठाएको छ।

साउन महिनामा सय कामदार पठाउने म्यानपावर :
निल कमल ह्युमन रिसोर्स प्रा.लि.- ७६२
एसओस म्यानपावर सर्भिसेज प्रा.लि.- ६८३
दि रिभर ओभरसिज प्रा.लि.- ४७७
एयर किंग्स प्लेसमेन्ट प्रा.लि.- ३९२
मोन्टेज ओभरसिज प्रा.लि.- ३३८
साउण्डलाइन्स रिक्रुट्मेन्ट प्रा.लि.- ३२०
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- ३१६
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- ३०९
एसपीएम ओभरसिज प्रा.लि.- २७५
शारोन म्यानपावर सर्भिस प्रा.लि.- २६९
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- २६८
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा.लि.- २४९ पृष्ठ २ मा

# सांसद विकास कोष रोक्ने आदेशमा दलहरुको आपत्ति

संसदीय क्षेत्र विकास पूर्वाधार कार्यक्रम कार्यान्वयनमा रोक लगाउन सर्वोच्च अदालतले दिएको आदेशमा प्रमुख दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले आपत्ति जनाएका हुन् ।



बजेटबारे सर्वोच्चको आदेश आधारभूतरूपमै शक्ति पृथकीकरण र लोकतन्त्रका सिद्धान्तविपरीत छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका, राज्यका तीन अंग आफ्ना सीमा रेखाभित्र बसेर काम गर्नुपर्छ ।

**रमेश लेखक**, प्रमुख सचेतक, कांग्रेस



बजेट सार्वभौम संसदले प्राप्त गरेको विशेषाधिकार हो । त्यसकारण संसदको निर्णयमाथि अन्यथा आदेश गरेर अनुचित न्यायिक सक्रियता देखाउने फुर्तीफार्ती स्वीकार्य हुन सक्दैन । यो संसदले त्यसमा सही ढंगाको उपचार खोज्नुपर्छ ।

**सूर्य थापा**, सांसद, एमाले

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ भदौ ।

संसदीय क्षेत्र विकास पूर्वाधार कार्यक्रम कार्यान्वयनमा रोक लगाउन सर्वोच्च अदालतले दिएको आदेशमा प्रमुख दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमालेले आपत्ति जनाएका छन् । कांग्रेस र एमालेका सांसदहरुले शक्ति पृथकीकरणको सिद्धान्तविपरीत सर्वोच्चको आदेश आएको भन्दै आपत्ति जनाएका हुन् ।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक सर्वोच्चको आदेश आधारभूत रुपमा समेत शक्ति पृथकीकरणको सिद्धान्तविपरीत रहेको बताउँछन्।

'सर्वोच्चको आदेश आधार भूत रूपमै शक्ति पृथकीकरण र लोकतन्त्रका सिद्धान्तविपरीत छ। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका, राज्यका यी ३ अंग आफ्ना सीमा रेखाभित्र बसेर काम गर्नुपर्छ' लेखकले भनेका छन्। अर्काको क्षेत्रभित्र प्रवेश गर्नु भनेको शक्ति सन्तुलन बिगार्ने र पृथकीकरण सिद्धान्त उलंघन गर्नु रहेको उनको भनाइ छ।

संसदले कानून बनाएर स्रोत साधनबारे निर्णय गर्दा संविधानसँग बाझियो भने धारा नै उल्लेख गर्नुपर्ने उनले बताए । 'संविधानको कुन धारासँग बाझिएर संसदीय क्षेत्र विकास पूर्वाधार कार्यक्रम कार्यान्वयन नगर्नू भनेको हो ? सर्वोच्चले त्यो धारा उल्लेख गर्नुपर्दैन ?' उनको प्रश्न छ।

बुधबार प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू ईश्वर खतिवडा, आनन्दमोहन भट्टराई, प्रकाशसिंह राउत र अनिल सिन्हाको संवैधानिक इजलासले सांसद विकास कार्यक्रम कार्यान्वयनमा रोक लगाउने आदेश दिएका थिए । पृष्ठ २ मा

यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHINA STATE CONSTRUCTION ENGINEERING CORPORATION(MIDDLE EAST) LLC
पूर्व स्वीकृत मितिः २०८०/०५/०७ चलानी नं.: ६०२०६७०६ LT. No.: 291569 शहर:DUBAI

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Plumber | 50 | 0 | | 1200 | ४३,१२८ | | | | | | | |
| 3. | Pipe Fitter | 50 | 0 | | 1200 | ४३,१२८ | | | | | | | |

अन्तर्वार्ता स्थान
Nikhil Multi Services Pvt Ltd, Kathmandu
Pit Training Center Pvt Ltd, Janakpur
Jhapa Technical Instuite Pvt Ltd, Birtamod

अन्तर्वार्ता मिति
२०८० भदौ १५ र १८ गते (1 & 4 September 2023)
२०८० भदौ १६ गते (2 September 2023)
२०८० भदौ १७ गते (3 September 2023)

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 895/067/068

SAGAR RECRUITMENT PVT. LTD.
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232 | 01-4542285
Mobile: 9801049208 | 9801049209 | 9801049210 | 9801049211 | 9801049212 | 9801049213
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np

मध्यान्ह
www.madhyanhadaily.com
८ भदौ २०८०, शुक्रबार
25 August 2023, Friday

# पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप सञ्चालन गर्न गाभीसँग १७ लाख मात्रा माग

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ । मन्त्रालयको परिवार कल्याण महाशाखाले यसै आर्थिक वर्षमा खोप अभियानका लागि भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स 'गाभी' लाई औपचारिकरूपमा प्रस्ताव पेश गरी पाठेघरको मुखको क्यान्सरविरुद्ध खोप 'एचपिभी' माग गरेको हो । परिवार कल्याण महाशाखाका निर्देशक डा.विवेककुमार लालले १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप 'एचपिभी' माग गर्दै गाभीलाई प्रस्ताव पेश गरिएको जानकारी दिए । उनले भने, 'गाभीलाई हाम्रो यस कार्यक्रम मन पर्‍यो र नेपाललाई सहयोग गर्छु भनेपछि हामीले औपचारिकरूपमा खोप माग गर्दै प्रस्ताव पठाएका छौँ । हाम्रो प्रस्तावलाई गाभीले स्वीकृत गरेर खोप पठायो भने हामी यही आर्थिक वर्षको अन्त्यसम्म खोप अभियान सञ्चालन गर्ने योजना रहेको छ ।'




उनले खोप अभियानका लागि भने आफूहरूले पूर्वतयारी गर्ने जानकारी दिए । महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा.अभियान गौतमले साउनको अन्तिम साता गाभीसँग १७ लाख मात्रा 'एचपिभी' खोपको प्रस्ताव गर्दै पत्र पठाइएको जानकारी दिए । दश देखि १४ वर्ष उमेर समूहका बालबालिकाको सङ्ख्या १६ लाख ५० हजार रहेको छ । 'हामीले गाभीसँग खोपका लागि औपचारिकरूपमा पत्र पठाएका छौँ । गाभीले हाम्रो पत्रलाई सकारात्मकरूपमा लिएको छ ।'

यसअघि शाखाले दादुरा-रुवेला रोगविरुद्धको खोप अभियानका लागि पनि गाभीसँग ५७ लाख मात्रा खोप माग गर्दै पत्र पठाएको थियो । शाखाका प्रमुख डा.गौतमले क्रमशः पाठेघरको मुखको क्यान्सर विरुद्धको खोपलाई प्रत्येक वर्ष अभियानका रूपमा सञ्चालन गरिने बताए ।

उनका अनुसार हरेक वर्ष साढे तीन लाख १० वर्ष उमेर समूहका किशोरीलाई खोप लगाइने छ । 'यसवर्ष हामीले गाभीबाट सहयोग प्राप्त गरे पनि प्रत्येक वर्ष नै लगाउने हाम्रो योजना छ', उनले भने, 'खोपले महिलालाई पाठेघरको मुखको क्यान्सर हुनबाट बचाउन सहयोग गर्दछ ।' नेपालका महिलालाई लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबैभन्दा बढी लाग्ने गर्दछ । विश्वमा भने महिलालाई सबभन्दा बढी स्तन क्यान्सर हुने गरेको छ । सन् २०२२ को तथ्याङकमध्ये दुई हजार दुई सय ४४ महिलालाई पाठेघरको मुखमा क्यान्सरमा लागेको थियो । शाखाका प्रमुख डा.गौतमले पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप एक मात्रा लगाउन मिल्ने खालको माग गरिएको पत्र पठाइएको बताए ।

यसअघि सरकारले सन् २०१६/१७ मा पाठेघरको मुखको क्यान्सर विरुद्धको खोप नमूनाकारूपमा चितवन र कास्कीमा सञ्चालन गरेको थियो । सो अवसरमा कास्कीमा १० हजार नौ सय ३६ र चितवनमा १४ हजार ३५ किशोरीलाई एचपिभी खोप प्रदान गरिएको थियो । अहिले केही निजी अस्पतालले किशोरीलाई उक्त खोप रु पाँचदेखि छ हजार तिरेर लगाइने दिने गर्दछन् । सरकारले गत असारमा पाठेघरको मुखको क्यान्सरविरुद्ध ल्याएको २० हजार मात्रा एचपिभी खोप नीतिगत निर्णय नभएकाले अहिलेसम्म लगाएको छैन । पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका क्यान्सर रोग विशेषज्ञ डा.अरुण शाही 'ह्युमन प्यापिलोमा भाइरस' को कारणले पाठेघरको मुखमा क्यान्सर हुने गरेको बताउँछन् ।

उनका अनुसार उक्त भाइरसको कारणले ९९ प्रतिशत र असुरक्षित यौन सम्पर्क, धुम्रपान र सानै उमेरमा विवाह गर्ने जस्ता कारणले एक प्रतिशतलाई पाठेघरको मुखमा क्यान्सर हुने गर्दछ ।

दुई सय प्रजातिका 'ह्युमन प्यापिलोमा भाइरस' मध्ये १६ र १८ प्रजातिको भाइरसले बढी सङ्क्रामक हुने गरेको र उक्त प्रजातिका भाइरसले महिलाको पाठेघरको मुखमा क्यान्सर गराउने उनको भनाइ छ । क्यान्सर रोग विशेषज्ञ डा.शाहीले नेपालमा सबैभन्दा बढी महिलालाई पाठेघरको मुखमा क्यान्सर हुने गरेको उल्लेख गर्दै विश्व स्वास्थ्य संगठनको (डब्लुएचओ) को तथ्यांकअनुसार हरेक दिन नेपालमा छ महिलाको पाठेघरको मुखको क्यान्सरले मृत्यु हुने गरेको बताउँछन् ।

### ट्रकको ठक्करबाट पदैलयात्रीको मृत्यु

# प्रत्यक्षदर्शी भन्छन्– 'घाइते भएपछि ब्याक गरेर मार्‍यो'



**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, ७ भदौ

रौतहटमा ट्रकको ठक्करबाट एकजना महिलाको घटनास्थलमै मृत्यु भएको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत जिल्लाको चन्द्रपुर नगरपालिका-१ हाईवेस्थित नुनथर मन्दिर जाने बाटोमा ट्रकले ठक्कर दिँदा एक महिलाको मृत्यु भएको हो ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको पैदल यात्रीलाई ना.६ प १५०० नम्बरको ट्रकले ठक्कर दिँदा सोही ठाउँकी ५५ वर्षीया होम माया मगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं डीएसपी उमाशंकर यादवले जानकारी दिए ।

महिलाको मृत्युपछि आक्रोशित स्थानीयले ट्रकलाई नियन्त्रणमा लिएर आगजनी गरेका छन् । प्रदर्शनकारीहरूका अनुसार ट्रकले ठक्कर दिएपछि महिला घाइते भएकी थिइन् । तर उनलाई उद्धार गर्नुको सट्टा ट्रकले ब्याक गरेर किचेर मारेको थियो । सोही आक्रोशमा स्थानीयहरूले ट्रकमा तोडफोड र आगजनी गरेका हुन् ।

आगजनी भएपछि प्रहरीले नगरपालिकाको वारुण यन्त्रको सहयोगमा आगो निभाउने प्रयास गरेपनि आगो तत्कालै नियन्त्रणमा आउन नसकी ट्रकमा क्षति भएको डीएसपी यादवले बताए । उनका अनुसार प्रदर्शनकारीहरुले वारुण यन्त्रमा समेत ढुंगामुडा गरेका छन् ।

स्थानीयहरूले पूर्वपश्चिम राजमार्गसमेत अवरुद्ध गरेका छन् । यता दुबै पक्षलाई राखेर सहमति जुटाउने प्रयास गरिरहेको डीएसपी यादवले बताए ।

# प्रमुख प्रशासकीय अधिकृत र लेखापालले आफूखुसी भुक्तानी दिएको आरोप

**राजेन्द्र महतो/मध्यान्ह**
सप्तरी, ७ भदौ

सप्तरीको एक पालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखापालले आफूखुसी एक निर्माण कम्पनीलाई करिब ८० लाख रुपैयाँ भुक्तानी दिएको आरोप लागेको छ ।

जिल्लाको विष्णुपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किशोरकुमार राम र लेखापाल टेकनारायण यादवले आफूखुसी अंशुमन अधिकारी जेभी निर्माण कम्पनीलाई करिब ८० लाख रुपैयाँ भुक्तानी दिएको आरोप लागेको हो । आर्थिक वर्षको अन्तिम साता गत असार २४ गते पालिकाले अंशुमन अधिकारी जेभीलाई माग नै नआइ ७९ लाख ७८ हजार रुपैयाँ भुक्तानी गरेको छ । पालिकाका लेखापाल यादवलाई एक साताअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोलार सम्बन्धी एउटा अर्को योजनामा घूस लिँदै गर्दा राजविराजको गजेन्द्र चेकबाट नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ भने प्रमुख प्रशासकीय अधिकृत राम नागरिकता सम्बन्धी मुद्दामा आरोपित रहेर सप्तरी जिल्ला अदालतबाट ५० हजार धरौटीमा छुटेका छन् ।

## कोशी...

नदेखिएकाले निजको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदन उपरको सुनुवाइ टुङ्गो नलागेसम्म दीर्घकालीन असर पर्ने प्रकृतिका साथै नीतिगत प्रकृतिका निर्णय नगर्नु, नगराउनु' सर्वोच्च अदालतका न्यायाधीश ईश्वरप्रसाद खतवडाको इजलासले भनेको छ ।

गत भदौ ४ गते बसेको कोशी प्रदेश सभाको बैठकमा प्रदेश सभाका सदस्यहरू इस्राइल मन्सुरी र गीता तिमलसिनाले पालो पालो गरी सभाको अध्यक्षता गरेको देखिएको पनि जनाएको छ । त्यही बैठकका सन्दर्भमा दुवै जनाले मुख्यमन्त्री थापालाई विश्वासको मत दिएर त्यो मतसमेत गणना गरी सरकारको पक्षमा ४७ मत र विपक्षमा ३० मत प्राप्त भएको भनी घोषणा गरिएको देखिएको पनि जनाएको छ ।

सर्वोच्चले नेपालको संविधानको धारा १८६ बमोजिम प्रदेश सभामा निर्णयका लागि प्रस्तुत गरिएको जुनसुकै प्रस्ताव निर्णय गर्दा मत बराबर भएको अवस्थामाबाहेक अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने नदेखिने पनि जनाएको छ ।

विवादित मत दिइएको सन्दर्भमा मत बराबर भएको भन्ने नदेखिने सर्वोच्चले जनाएको छ । यस अवस्थामा कूल ९३ जना प्रदेश सभा सदस्यहरू रहेको प्रदेश सभाका बहुमत सदस्य ४७ जनाको विश्वासको मत प्राप्त गरेको भनी अध्यक्षता गर्ने सदस्यले दिएको मतसमेत गणना गरी थापाले विश्वासको मत प्राप्त गरेको भनी घोषणा गरिएको कार्य नेपालको संविधान तथा संसदीय अभ्यास, संवैधानिक नैतिकता र अदालतबाट प्रतिपादित सिद्धान्त समेतको प्रतिकूल रहेको सर्वोच्चको व्याख्या छ ।

न्यायाधीश ईश्वरप्रसाद खतवडाको इजलासले पूर्ण सुनुवाइका यही भदौ १५ गते शुक्रबार अग्राधिकार दिई पेसीमा राख्न पनि भनेको छ ।

## ९ महिनापछि...

दिन भदौ १० गते ११ देखि ४ बजेससम्म उम्मेदवारी प्रस्ताव दर्ता गर्ने समय तोकिएको छ । सोही दिनको साढे ४ बजे दर्ता भएका प्रस्तावको दर्ताक्रम अनुसार सूची प्रकाशन गर्ने कार्यसुची रहेको छ ।

भदौ ११ गते दिउँसो ३ बजे सम्बन्धित समितिको बैठकमा प्रस्तावकले प्रस्ताव प्रस्तुत गर्ने, समर्थकले सम्बन्धित प्रस्तावको समर्थन गर्ने र उक्त प्रस्तावहरु निर्णयार्थ प्रस्तुत गर्ने कार्यसुची रहेको छ । बिहीबार सभामुख र प्रमुख सचेतकहरुको छलफलअनुसार भदौ ११ गते १० वटा संसदीय समितिका सभापतिको निर्वाचन गर्ने सहमति भएको थियो ।

सार्वजनिक भएको निर्वाचन कार्यसूची प्रभावित नभए आम चुनाव भएको ९ महिनापछि मिनी संसदले नेतृत्व पाउनेछ ।

प्रतिनिधि सभाका १० तथा प्रतिनिधि सभा र राष्ट्रिय सभाका संयुक्त २ गरी जम्मा १२ वटा समितिका सभापति पद चयन हुन भएका छैनन् । संसदीय समितिका बैठक समितिका ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने गरेको छ ।

नेकपा एमालेका सचेतक महेश बर्तौलाले सबै समितिले नेतृत्व पाउने सुनिश्चित भएको बताए ।

सभामुखले सभापति चयनका लागि मिति नतोक्दा र राजनीतिक दलहरूले चासो नराख्दा संसदीय समितिहरू प्रभावहीन भएका थिए ।

## रास्वपा ...

कांग्रेसले अर्थ समिति, संसदीय सुनुवाई समिति, राज्य व्यवस्था तथा सुशासन समिति र कृषि तथा प्राकृतिक स्रोत समितिको नेतृत्व गर्ने भएको छ । यस्तै एमालेले लेखा समिति, महिला तथा सामाजिक मामिला समिति र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिको नेतृत्व गर्ने छ ।

माओवादी केन्द्रले पूर्वाधार विकास समिति र कानुन, न्याय तथा मानव अधिकार समिति तथा नेकपा एकीकृत समाजवादीले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति, जनता समाजवादी पार्टीले अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति र जनमत पार्टीले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको नेतृत्व गर्ने सहमति भएको छ ।

## आ.व.को...

साउनमा यूएईमा धेरै नेपाली रोजगारीका लागि पुगेका छन् । साउनमा यूएईका लागि म्यानपावर कम्पनीमार्फत गएका ६ हजार ७ सय ३३ सहित समग्रमा ११ हजार ८ सय ७८ जनाले श्रम स्वीकृति लिएका छन् । दोस्रो स्थानमा रहेको कतारमा म्यानपावरमार्फत २ हजार ८ सय ३२ सहित १० हजार ५ सय ६१ जनाले श्रम स्वीकृति लिएका छन् । साउदी अरेबिया तेस्रो स्थानमा छ । उक्त मुलुकमा म्यानपावर कम्पनीमार्फत ७ हजार ३२ सहित १० हजार ३० जना गएका छन् । चौथो स्थानमा रहेको मलेसियामा म्यानपावर कम्पनीमार्फत ७ हजार ८ सय १४ सहित ९ हजार २ सय ६८ जनाको श्रम स्वीकृति भएको छ । गत वर्ष साउनमा मलेसियाका लागि २४ हजार ४ सय ८४ जनाको श्रम स्वीकृति भएको थियो । मलेसियामा नयाँ एप्रुभल नखुल्दा नेपाली कामदार जाने क्रम घटेको हो ।

यस्तै कुवेत पाँचौं स्थानमा छ । साउनमा उक्त मुलुकका लागि म्यानपावर कम्पनीमार्फत ३ हजार १ सय ९४ सहित ३ हजार ७ सय १७ जनाको श्रम स्वीकृति भएको छ । बहराइनका लागि २ सय ५७ सहित म्यानपावर कम्पनीमार्फत ४ सय ७५ जना, जीटुजीका माध्यमबाट जाने दक्षिण कोरियामा २ हजार ४ सय १४ जना गएका छन् ।

युरोपेली मुलुक क्रोएसियाका लागि म्यानपावरमार्फत २ सय ५१ सहित १ हजार ६ सय ४९, पोल्याण्डका लागि म्यानपावर कम्पनीमार्फत एक जना पनि गएका छैनन् । व्यक्तिगत र पुनः श्रम स्वीकृति गरी उक्त मुलुकमा ४ सय ६२, साइप्रसका लागि म्यानपावरमार्फत ४ सय ३३ सहित ४ सय ७८, माल्टाका लागि ६ सय ७२ गएकोमा म्यानपावर कम्पनीमार्फत १५ जना गएका छन् । रोमानियाका लागि म्यानपावरमार्फत २ सय ८९ जनासहित ४ सय ७३, बेलायतमा व्यक्तिगत र पुनः श्रम स्वीकृतिमार्फत १ सय ७७, रुसका लागि ५३, ओमानका लागि १ सय ६, मकाउका लागि ५८ र जापानका लागि ८ सय २७ जनाका लागि श्रम स्वीकृति भएकोमा म्यानपावरमार्फत ७१ जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ । गत वर्ष ७ लाख ७१ हजार ३ सय २७ जनाले श्रम स्वीकृति लिएका थिए ।

## साउनमा...

सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- २३६
अल सेक्युर म्यानपावर रिक्रुट्मेन्ट प्रा.लि.- २३१
लक्की एचआर सोलुसन प्रा.लि.- २२७
ब्रोदर्स इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.- २२४
कतार इन्टरनेशनल म्यानपावर प्रा.लि.- २१२
लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- १९५
पर्फेक्ट रिक्रुट्मेन्ट सर्भिस प्रा.लि.- १९४
एशिया पावर रिक्रुट्मेन्ट कन्सल्ट्यान्ट प्रा.लि.- १९३
नाइस रिक्रुट्मेन्ट एजेन्सी प्रा.लि.- १९१
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट प्रा.लि.- १८३
युरो एशिया एच सोलुसन प्रा.लि.- १८१
सेन्टर क्यापिटल सर्भिस प्रा.लि.- १७५
अल जराफा ह्युमन रिसोर्स कन्सल्ट प्रा.लि.- १७३
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- १६६
स्काइ स्टार रिक्रुट्मेन्ट प्रा.लि.- १५९
ह्वाइट पर्ल लाइट म्यानपावर सर्भिसेज प्रा.लि.- १५८
डिके रिभर ओभरसिज प्रा.लि.- १५०
अल कौसर ह्युमन रिसोर्स प्रा.लि.- १४८
मनकामना फरेन इम्प्लोइमेन्ट कम्पनी प्रा.लि.- १४१
अल एशिया ओभरसिज प्रा.लि.- १३६
ह्युमन ओभरसिज प्रा.लि.- १३६
इन्टरनेशनल म्यानपावर रिक्रुट्मेन्ट प्रा.लि.- १३४
जब सिकर म्यानपावर प्रा.लि.- १३३
कंगारू ह्युमन रिसोर्स प्रा.लि.- १३३
लगिङ इन्टरनेशनल ओभरसिज प्रा.लि.- १३३
जासिम ट्रेडिङ एण्ड सर्भिस प्रा.लि.- १३२
अमिटी ग्लोबल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- १२९
बिराट ओभरसिज इन्टरनेशनल प्रा.लि.- १२७
वर्ल्ड वाइड इम्प्लोइमेन्ट कन्सल्ट्यान्ट प्रा.लि.- १२४
अल स्कील इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.- १२०
स्टारिश एचआर सर्भिस प्रा.लि.- ११७
नेपाल एचआर सोलुसन प्रा.लि.- ११६
एक्सेस पार्टनर्स प्रा.लि.- ११४
ओमेगा पावर माइण्डस प्रा.लि.- ११४
कान्तिपुर म्यानपावर सर्भिस प्रा.लि.- ११३
अल्फा सिग्मा ओभरसिज प्रा.लि.- ११२
त्रिवेणी ओभरसिज कन्सर्न प्रा.लि.- १११
रसुवा ओभरसिज प्रा.लि.- ११०
नेशनल एक्सपोर्ट म्यानपावर कन्सल्ट्यान्ट प्रा.लि.- १०७
अल हायात म्यानेजमेन्ट सिष्टम प्रा.लि.- १०६
सुपा देउराली ह्युमन रिसोर्स प्रा.लि. १०४
मदरल्याण्ड ओभरसिज प्रा.लि.- १०३
निर्मल एचआर सोलुसन प्रा.लि.- १०३
आसमाक्स कम्पनी प्रा.लि.- १००
डेष्टिनी ह्युमन रिसोर्स प्रा.लि.- १००
काबेली ह्युमन रिसोर्स प्रा.लि- १००

## सांसद...

'२०८०/०८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्था तथा ती व्यवस्थाको लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नूरनगराउनू भनी अन्तरिम आदेश जारी गरिएको छ' सर्वोच्चको आदेशमा उल्लेख छ।

अधिवक्ता त्रिलोकबहादुर चन्दले संघीय संसद सचिवालय समेतलाई विपक्षी बनाई उक्त रिट दायर गरेका थिए । संवैधानिक इजलासले रोक लगाएपछि त्यस्तो रकम सर्वोच्च अदालतको अर्को आदेश नआउन्जेल खर्च गर्न नपाइने भएको छ ।

संविधानले संघीय सांसद वा प्रदेश सभा सदस्यलाई कार्यपालिकाले गर्ने विकास निर्माण लगायतका काम गर्ने जिम्मेवारी नदिएको भन्दै प्रतिनिधिसभाको बैठकमै कांग्रेस सांसद श्यामकुमार घिमिरेले प्रश्न उठाए ।

'सर्वोच्चको हिजोको आदेशले दुखी बनाएको छ । कानून बनाउने संसदको अधिकार हो, जनताबाट चुनिएका जनप्रतिनिधिले कानून बनाउने हुन् । यसमा कसैले हनन् गर्न सक्दैन,' उनले भने, 'हामी कतै एक/अर्काका कार्यक्षेत्रमा प्रवेश गर्ने र दखल गर्ने प्रयासमा गइरहेका त छैनौं ?'

संविधानले नै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका अलग/अलग क्षेत्राधिकारबारे व्याख्या गरेको उनले बताए ।

प्रमुख प्रतिपक्षी दल एमालेका सांसद सूर्य थापा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका सम्बन्धमा सर्वोच्च अदालतबाट जारी भएको अन्तरिम आदेशलाई न्यायिक सक्रियताका रुपमा लिन्छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा सांसद थापाले भनेका छन्, 'यो सार्वभौम संसदले बजेट वक्तव्य पारित गरेको छ । त्यससम्बन्धी विधेयक कानुन बनाएको छ । यो संसद्को विधायिकी अधिकार प्रयोग भएको छ । सार्वभौम संसद्ले बजेटबारे यो प्राप्त गरेको विशेषाधिकार हो । यसलाई हिजो संवैधानिक इजलासले गरेको आदेशले सम्मान गरेको छ कि अपमान गरेको छ ?' बजेटसम्बन्धी निर्णय गर्ने अधिकार ससदबाहेक अरु कसैलाई नभएको पनि उनले बताए ।

संसदले गरेको निर्णयमाथि प्रश्न उठ्न नसकिने थापाको भनाइ थियो । उनले सर्वोच्चले न्यायिक सक्रियता देखाउन खोजेको बताए । 'संसद्ले गरेको निर्णयमाथि कहीँ प्रश्न उठ्ने र त्यसबारेमा अन्यथा आदेश गरेर अनुचित न्यायिक सक्रियता देखाउने फुर्तीफार्ती पनि स्वीकार्य हुन सक्दैन । यो संसदले त्यसमा सही ढंगको उपचार खोज्नुपर्छ' थापाको भनाइ छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०१/०२ मा दर्ता भएको **प्रा.लि. नं. १८७६३१** को **श्री राम मल्टिपर्पोज प्रा.लि.** को मिति २०८०/०५/०५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०८**

**ड्रिम भ्याली फाइनन्सियल म्यानेजमेन्ट एण्ड कन्सल्टिङ्ग प्रा.लि.** को मिति २०८०/०३/०१ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ड्रिम बिजनेश प्रा.लि. (प्रा.लि. नं.: १८६९३२)** कायम गर्ने गरी मिति २०८०/०४/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### मलेसियामा रोजगार | कम्पनीः NEW FAMILY FOODCOURT SDN. BHD

शहर : JOHOR BAHRU
पूर्व स्वीकृत मितिः २०८०/०१/१५ चलानी नं.: ६०२००७९७ LT. No.: 285363 पुनः विज्ञापन

| सि.न. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restoran Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः HD TECH SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०५/०१ चलानी नं.: ६०१८५६३५ LT. No.: 269280 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 0 | 2 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १५ गते (1 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1234/074/075
TILICHO OVERSEASE PVT. LTD.
Omnagar Sinamangal -9, Kathmandu, Tel :01 -4111014/9802800273/9861700427/9860979793
Email : tilichooverseas@gmail.com

### मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RESTORAN JING SHAN शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०८०/०५/०७ चलानी नं.: ६०२०६७०७ LT. No.: 291574

| सि.न. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनीः A & O FOOD INDUSTRIES (M) SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०८०/०५/०७ चलानी नं.: ६०२०६७०८ LT. No.: 291575

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १५ गते (1 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 895/067/068
Sagar Recruitment Pvt. Ltd.
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal | Tel: +977- 01-4542232, 01-4542285
Mobile: 9801049208, 9801049209,9801049210, 9801049211, 9801049212, 9801049213
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np

# इन्जिनियरिङमा शुल्क वृद्धि खारेज नभए कडा आन्दोलन गर्ने चेतावनी

**काठमाडौं/मस-** समाजवादी मोर्चा अन्तरगतको संयुक्त विद्यार्थी संगठनले इन्जिनियरिङको स्नातक तहमा भएको शुल्क वृद्धि खारेज नगरे कडा आन्दोलनको चेतावनी दिएका छन् । बिहीबार संवाद डबलीमा पत्रकार सम्मेलन गरेर इन्जिनियरिङ अध्ययन संस्थान(आइएओई) लाई शुक्रबार बेलुकासम्मको अल्टीमेटम दिएका हुन् ।




विभिन्न चार विद्यार्थी संगठनले इन्जिनियरिङको स्नातक तहमा नियमित तर्फ शुल्क ३५ हजार बाट बढाएर ८२ हजार र पूर्ण शुल्क तर्फ ३ लाख ३० हजार बाट बढाएर ७ लाख ७५ हजार पुऱ्याइएकोप्रति संयुक्त विद्यार्थी संगठनले आपत्ति जनाएका हुन् ।

पत्रकार सम्मेलनमा सत्तारुढ दल नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन (अनेरास्ववियु क्रान्तिकारी)का अध्यक्ष पन्चा सिंहले वार्ताको मन्चन गरेर भ्रममा नपार्न चेतावनी दिइन् । उनले विभिन्न कलेजहरुमा भइरहेको आन्दोलनमा आफूहरुको ऐक्यबद्धता रहेको समेत जनाइन् ।

'वार्ताको मन्चन गरेर आन्दोलन तुहाउने दुष्प्रयत्न गरिन्छ भने यो वार्ता खारेज गरिन्छ र चारवटा विद्यार्थी संगठनको तर्फबाट निशर्त ढंगले त्यो शुल्क वृद्धि खारेज नगरेसम्म हामी वार्ताको प्रक्रियामा नजाने कुरा पनि म यो पत्रकार सम्मेलनमार्फत जानकारी गराउन चाहान्छु' उनले भनिन् ।

सत्तारुढ दल नेकपा(एस) निकट अनेराश्वबियुका अध्यक्ष सुदेश पराजुलीले आफ्नै पार्टीहरु सत्ताको नेतृत्वमा रहेपनि गलत विषयमा खरो उत्रने बताए । शुल्क वृद्धि तत्काल खारेज नभए आइएओई प्रमुखलाई गल्हत्याएर सडकमा ल्याउने चेतावनी दिए ।

जनता समाजवादी निकट समाजवादी विद्यार्थी युनियन नेपालका अध्यक्ष रमेश यादबले संविधानले शिक्षा निःशुल्क भनेपनि शैक्षिक माफियाको अगाडि सबै निरिह हुनु दूर्भाग्य भएको बताए । नेकपा(विप्लव) निकट अखिल (क्रान्तिकारी)का महासचिव नरेन्द्र विश्वकर्माले दलाल र माफियाहरुको चंगुलमा रहेको नेपाली शिक्षा क्षेत्रलाई नागरिकको पहुँचमा पुऱ्याउन जुनसुकै हदमा जाना तयार रहेको धारणा राखे ।

'नेपालको इन्जिनियरिङ शिक्षाको केन्द्रको रुपमा परिचित र आधारभुत रुपमा जनताको पहुँचमा रहेको इन्जिनियरिङ अध्ययन संस्थानले आंगिक क्याम्पसहरुमा दोब्बरभन्दा बढी शुल्क अकस्मात बढाउनुले आर्थिक रुपमा विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई इन्जिनियरिङ शिक्षाबाट बञ्चित गराउने निश्चित छ । इन्जिनियरिङ अध्ययन संस्थानको यो रबैयाको हामी घोर भर्त्सना गर्दछौं' संयुक्त विज्ञप्तिमा भनिएको छ ।

# स्थानीयले वडा कार्यालयमा गरे तालाबन्दी

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ७ भदौ

रौतहटको कटहरिया नगरपालिका वडा नम्बर १ को कार्यालयमा स्थानीय जनताले ताला बन्दी गरेका छन् । वडा अध्यक्ष भुपेन्द्र महतोले भू-माफियासँग मिलि भगत गरी एलानी जग्गाको नक्कली कागजातको आधारमा चार किल्ला प्रमाणित गरेको आरोप लगाउँदै स्थानीयले तालाबन्दी गरेका हुन् ।

कटहरिया नगरपालिका वडा नम्बर १ भसेढवास्थित विभिन्न ४ कितामा रहेका नौ विगहा दश कठ्ठा नेपाल सरकारको एलानी जग्गाको नक्कली लालपूर्जा लगायतका कागजातको आधारमा चार किला प्रमाणित गरेको विरुद्धमा वडा कार्यालयमा ताला बन्दी गरेको दिनेश दासले बताए । सो जग्गामा वर्षौदेखि स्थानीय २ सय १० परिवार बस्दै आएका छन् । वडा अध्यक्षले आफूहरुलाई घरवारविहीन बनाउन लागेको स्थानीयले आरोप लगाएका छन् । वडा कार्यालयले चार किला प्रमाणित गरेपछि उक्त जग्गा बिक्री वितरणको बाटो खुलेको आरोप लगाउँदै स्थानीय आन्दोलित भएको कटहरिया नगरपालिकाका नगर प्रमुख अजय प्रकाश साहले बताए ।

# मनाइयो तुलसीदास जयन्ती

**पवन जायसवाल/मध्यान्ह**
बाांके, ७ भदौ

बाँकेको नेपालगन्जमा अवधी तथा हिन्दी भाषा सँस्कृतिका महान पण्डित, भक्त कवि, सन्त शिरोमणि तुलसीदास जी महाराजको ५२६ औं तुलसीदास जयन्ती तथा २४ औं अवधी महोत्सव -२०८० मनाइएको छ ।

अवधी साँस्कृतिक प्रतिष्ठान केन्द्रीय कार्य समितिको आयोजनामा समितिका अध्यक्ष बिष्णुलाल कुमालको अध्यक्षतामा सम्मान अर्पण एवं विचार गोष्ठी तथा बहुभाषिक काव्य गोष्ठी सम्पन्न भएको थियो ।

नेपालगन्ज उद्योग वाणिज्य संघको सभाहलमा प्रमुख अतिथि तथा नेपालगन्ज मेडिकल कलेजका प्रबन्ध निर्देशक डा. सुरेश कुमार कनौडियाले सन्त शिरोमणि तुलसीदास जी महाराजको तस्बीरमा माल्यार्पण र दीप प्रज्वलन गरी कार्यक्रमको उद्‍घाटन गरेका थिए । कार्यक्रममा नेपाल र भारतका गरी २८ जना साहित्यकारलाई सम्मान गरिएको थियो ।

अवधी साँस्कृतिक प्रतिष्ठानका महासचिव वीरेन्द्र यादव र लेखक तथा साहित्यकार आनन्द गिरी मायालुद्वारा सञ्चालित कार्यक्रममा भारत भिवानी हरियाणका डा. मनोज भारत र बिसंवाँ सीतापुरका सन्दीप मिश्र सरसलाई तुलसी साहित्य शिरोमणी सम्मान, रायबरेलीका इन्द्र बहादुर सिंह 'इन्द्रेश'लाई अवधी साहित्य शिरोमणी सम्मान, भारत रायवरेलीका डा. विद्या सागर मिश्र 'सागर', सीतापुरका अशोक मिश्र, सिधौली सीतापुर देवेन्द्र कश्यप 'नीडर', बहराइचका पी.के. प्रचण्ड, बहराइचका रंजीत यादव, तिलकराम अजनवी, देशराज सिंहलाई तुलसी गौरव सम्मान, रायवरेलीका शिव बहादुर सिंह 'दिलवर', सुल्तानपुर इन्द्रजीत सिंह 'अर्चक', दशौधी रायबरेलीका शिव कुमार सिंह 'शिव', अवधी गौरव सम्मान, भारत आयोध्या धाम वजीरगन्जका चन्द्रगत भारती, रामानन्द सागर, बहराइचका प्रदीप बहराइची, बहराइच मिंहीपुर्वा भज्जापूर्वाका मिथिलेश कुमार जायसवाल, बहराइच गौरा पिपराका लक्षमण देशप्रेमी, बहराइचका सोमेश सावन, अजीत कुमार मार्य, शिवपुराका राकेश आर्या, नेपालगन्ज जमुनहाका मधई सिंह सिख सरदार,कृष्णा देवी पाण्डेय, साहित्यकार शिव प्रसाद पाठक, आनन्द गिरी मायालु, शिव प्रसाद विश्वकर्मा, विद्या प्रसाद ठाकुरलाई तुलसी प्रतिभा सम्मानबाट सम्मानित गरिएको थियो । समाजसेवी जयकेश सिंहलाई गत वर्ष सम्मान प्रदान गरिएको थियो ।

सो कार्यक्रममा विशिष्ट अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव तथा वरिष्ठ कथाकार सनत कुमार रेग्मीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । विशिष्ट अतिथि भारत भिवानी हरियाणका साहित्यकार कमला देवी, विशिष्ट अतिथि डा. जर्नादन शर्मा आचार्य, शिक्षाविद् किरण आचार्य, कृष्ण देवी पाण्डेय, साहिदा शाह वाहिदी लगायत नेपाल र भारतका सम्मानित व्यक्तित्वहरुले शुभकामना मन्तव्य गर्दै आ-आफ्ना रचना वाचन गरेका थिए ।



कार्यक्रममा अवधी लोक गायिका सुशीला बैश्यले गणेश बन्दना, सरस्वती बन्दना, कजरी गीत प्रस्तुत गरेका थिए ।


## Cyprus मा महिला तथा पुरुषहरुलाइ रोजगारको अवसर

**१.कम्पनी: V. Varnava Employment Agency Ltd., Cyprus,Deryneia.**

पूर्व स्वीकृती मितिः २०८०।०५।०७ | चलानी नं. ६०२०६७०५ | LT.No. 291518

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labourer | 05 | 05 | सम्बन्धित काममा दक्ष | 550 | ७८,४५७।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Baker/Confectioner | 07 | 0 | | 550 | ७८,४५७।- | | | | | | | |
| 3 | Housekeeper | 0 | 03 | | 550 | ७८,४५७।- | | | | | | | |

**२.कम्पनी: Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca**

पूर्व स्वीकृती मिति २०८०।०५।०७ | चलानी नं. ६०२०६७०३ | LT.No. 291516

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 314 | ४४,७९२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

**३.कम्पनी: Mavromatis Employment Bureau Ltd., Cyprus, Larnaca**

पूर्व स्वीकृती मिति २०८०।०५।०७ | चलानी नं. ६०२०६७०४ | LT.No. 291517

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 314 | ४४,७९२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

**अन्तर्वार्ता २०८० भाद्र १५ गते (1 September, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com



## Khijidemba Rural Municipality
## Office of the Rural Municipal Executive

**Khijifalate, Okhaldhunga**
**Koshi Province, Nepal**

**Invitation for Bids**

**Date of First Publication: 2080-05-08**

1. Khijidemba Rural Municipality, Okhaldhunga invites Open Competitive Bidding from the eligible bidders for the works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number/Work Description | Estimated amount with VAT | Bid Validity Period | Bid Security amount | Cost of bid Document (non-refundable) |
|---|---|---|---|---|---|
| 1 | KDRM/NCB/OKH/ GOODS/01/ 2080-81 Supply and delivery of furniture and fixtures at Khijidemba Rural Municipality | NRs. 29,99,731.34 | 90 days from the date of bid opening. | NRs. 67,000.00 | NRs. 3,000.00 |

2. Eligible Bidders may obtain further information or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
3. Bidders who choose to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid, should deposit the cost of bidding document; mentioned in table above in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: (Mention Purpose of deposit Stating Contract Identification Number Clearly).
   **Name of Bank: Nepal Investment Mega Bank Limited, Khijifalate Branch, Okhaldhunga**
   **Name of Office: Khijidemba Rural Municipality Khijifalate, Okhaldhunga**
   **Office Account No: 17801400000116**
4. Account Number for Bid Security Deposit: **Nepal Investment Mega Bank Limited, Khijifalate Branch, Okhaldhunga** Account Number: **17801400000048**, Name of Office: **Khijidemba Rural Municipality Khijifalate, Okhaldhunga** Or Bank Guarantee Issued by Commercial Bank in the Name of Khijidemba Rural Municipality, Office of Rural Municipal Executive Khijifalate, Okhaldhunga (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly).
5. Electronics bids must be submitted to Khijidemba Rural Municipality Office Khijifalate, Okhaldhunga before **12:00 Noon on 2080-06-07.**
6. Bids will be opened in the presence of Bidders' representatives who choose to attend on **2080-06-07 at 1:00 PM** at Khijidemba Rural Municipality Office Khijifalate, Okhaldhunga. Bids must be valid for a period of 90 day after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
10. Any Amendment on this notice shall be posted on office information board followed by notice on office website www.khijidembamun.gov.np.

**Chief Administrative Officer**



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!
## शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

**FREE VISA! FREE TICKET! FREE PASSPORT! FREE MEDICAL CHECKUP! FREE VISA PROCESSING! FREE RECRUITMENT FEE! FREE FOOD, ACCOMODATION & TRANSPORTATION FROM INTERVIEW TO DEPLOYMENT!**

**निःशुल्क भिसा ! निःशुल्क हवाई टिकट ! निःशुल्क राहदानी ! निःशुल्क स्वास्थ्य जाँच ! निःशुल्क भिसा प्रक्रिया ! कुनै पनि सेवाशुल्क नलाग्ने ! अन्तर्वार्ता पास भएदेखि उडानसम्म निःशुल्क यातायात, आवास र खाना !**

**Employer Company: HAN SAN AUTO PARTS SDN.BHD.**

पूर्व स्वीकृत मितिः २०८०/०५/०७ | चलानी नं.: ६०२०६६७६ | एल टि नं.: २९१४८०
Pre Approval Date: 2023/08/24 | Invoice No.: 60206676 | L.T. No.: 291480

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 40 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन NO | छ YES | दुई वर्ष 2 Years |

**नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Applicants are invited to apply directly without using any mediators or sub-agent.**
**Applicants or their family members are not required to pay any form of fees for this recruitment.**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

**अन्तर्वार्ता अफिस, रेवा ओभरसिज काठमाडौंमा मिति २०८० भदौ १५ गतेमा हुनेछ ।**
**Interview will be held at Reva Overseas office, Kathmandu on 1 September, 2023.**

**कोभिड प्रोटोकलः अन्तर्वार्तामा आउँदा अनिवार्य मास्कको प्रयोग गर्नुहुन जानकारी गराईन्छ ।**
**Covid Protocal: This is informed that all the applicants should wear a mask compulsory at interview.**

**यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैभ क्रियाकलाप गर्न/गराउन खोजेमा कृपया हामीलाई निम्न सम्पर्क नम्बर र इमेलमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ । हामी तपाईको गोपनियता सुनिश्चित राख्नेछौं ।**
**If anyone shows any kind of false temptations, financial demands or force to involve into any illigal activity, please contact us on the following contact number and email. We shall maintain your confidentiality.**
**Helpline: +977-9818182180 | Email: info@revaoverseas.com.np**

**रेवा ओभरसिज प्रा.लि.को कुनै शाखा तथा मध्यस्थकर्ता छैन।**
**Reva Overseas Pvt. Ltd. does not have any branch/mediator or sub-agent.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Govt Lic. NO. 1070/073/074

**Reva Overseas Pvt. Ltd.**
Sinamangal-9, Kathmandu | Tel:+977-01-4591430
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np

**Hotline Number : +977-9818182180**





मध्यान्ह
www.madhyanhadaily.com
८ भदौ २०८०, शुक्रबार
25 August 2023, Friday

## सम्पादकीय

# बाधक नबनून् नेतृत्व

सर्वोच्च अदालतले कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापालाई दीर्घकालीन महत्वको कुनै काम नगर्न आदेश दिएको छ । गएको ४ साउनमा थापाले विश्वासको मत लिएका थिए । त्यसविरूद्ध बुधबार नेकपा एमाले प्रदेश संसदीय दलका नेता एवम् पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्कीले रिट दायर गरेका थिए । उक्त रिटमाथि न्यायाधीश ईश्वर खतिवडाको एकल इजलासले आगामी १५ भदौमा पेशी तोक्दै मुद्दा किनारा नलागेसम्म दीर्घकालीन महत्वको काम नगर्न आदेश दिएको छ । यो आदेशसँगै कोशीको सरकार फेरि कामचलाउ बनेको छ । थापाले सभाध्यक्ष गरेका इस्त्राइल मन्सुरीको समेत मत लिएर बहुमत (९३ सदस्यीय प्रदेशसभामा ४७ मत) जुटाएका थिए । तर संविधान बमोजिम त्यसरी सभाध्यक्षलाई सरकार निर्माण प्रक्रियामा सहभागी हुने व्यवस्था छैन । संविधानको त्यही व्यवस्थालाई टेकेर दीर्घकालीन महत्वको काम नगर्न आदेश दिएको छ ।

यसअघि पनि सभामुखलाई सरकार निर्माण प्रक्रियामा सामेल गराएको भन्दै थापाकै नेतृत्वमा बनेको सरकार बदर भएको थियो । ११ साउनमा मात्रै सर्वोच्चले तत्कालीन सभामुख बाबुराम गौतमको समेत मत जोडेर बनेको सरकार बदर गरिदिएको थियो । तर गौतमलाई पदबाट राजीनामा गराएर १६ साउनमा थापा फेरि मुख्यमन्त्री नियुक्त भएका थिए । तर एमाले र राप्रपाले आफ्नो तर्फका जेष्ठ सांसदलाई विदा लिन लगाएर उपसभामुख सिर्जना दनुवारलाई समेत ४ भदौको बैठकमा अनुपस्थित गराए । सत्तारूढ गठबन्धनले भने सभाध्यक्ष गरेका मन्सुरीको समत मत जोडेर विश्वासको मत दिलाएका थिए । जुन कदममा सर्वोच्चले तत्काललाई रोक लगाएको छ । सर्वोच्चको अन्तिम फैसला आउन बाँकी छ ।

तर आदेशसँगै कोशीको बजेट अन्योलमा परेको छ । प्रदेश सरकारले प्रदेश अधिवेशन अन्त्य गरेर अध्यादेशबाट बजेट ल्याउने तयारी गरेको थियो । यसको असर अब सरकारी काममा परेको छ । त्यो भन्दा पनि बढी सरकारकै चिन्ता धेरै छ । किनकि यदि यो सरकारले वैधता पाएन भने अहिलेकै राजनीतिक समीकरण राखेर अर्को सरकार बन्ने संभावना छैन । प्रदेशसभामा एमाले नेतृत्वको गठबन्धनसँग ४६ सांसद मात्रै छ । तसर्थ वैकल्पिक सरकारले पनि बहुमत पाउने देखिदैन । अहिलेको सत्तारूढ गठबन्धनसँग त एउटै मात्र विकल्प छ, राप्रपालाई मनाउने । तर राप्रपा सजिलो मञ्जुर हुने देखिदैन । त्यसले प्रदेशलाई मध्यावधितिर लैजाने देखिन्छ । मध्यावधिमा जाँदा मुलुकलाई खर्चको भार बढ्नेछ भने मध्यावधि जनादेश पनि होइन । किनकि प्रदेशसभामा सरकार बन्ने पर्याप्त संभावना छ, जसलाई संघीय सरकारका निम्ति बनेको गठबन्धनले रोकेको छ । तसर्थ फेरि पनि प्रदेशसभालाई संविधान बमोजिम चल्न दिएर बहुमतको सरकार निर्माणमा राजनीतिक नेतृत्वले सहयोग गर्नु उचित हुन्छ ।

# सामाजिक अपराध : समृद्धिको बाधक

*लागुऔषध कारोबारलाई पूर्णरूपमा प्रतिबन्ध लगाउनुपर्छ । सामाजिक अपराध नियन्त्रणका लागि स्थानीय सरकार बढी जिम्मेवार बन्नुपर्छ । त्यसमा नेपाल प्रहरीले आपराधिक घटना हुन निदिन विभिन्न रणनीतिक योजना बनाइ समाजमा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउनुपर्छ ।*

अग्रलेख



● झलक शर्मा

समाज गतिशिल छ । ढुङ्गे युगबाट आधुनिक युगमा प्रवेश गरेसँगै मानिसका क्रियाकलापहरु व्यवस्थित हुँदै गए । सामाजिक मूल्य मान्यतालाई आत्मसात गर्दै समाजले आर्थिक समृद्धिको बाटो अवलम्बन गर्न खोजेको देखिन्छ । विकसित समाजमा मानिसहरुको आधारभूत आवश्यकता पूरा गर्नु मात्रै उद्देश्य रहेन, चल अचल जायजेथा, सामाजिक सम्मान, सम्बन्धलाई विस्तार गर्न मानिसहरु क्रियाशिल छन् । त्यति मात्र होइन मानिस आफ्ना सौखिन जीवन बिताउन जतिसक्दो सम्पत्ति थुपार्ने प्रयत्न गरेका छन् । वैध होस् वा अवैध होस् सम्पत्ति जोड्ने गरेको पाइन्छ । वैधरूपमा सम्पत्ति, आयआर्जन गरेको भए त्यो राष्ट्रलाई नै फाइदा पुग्दछ । यदि अवैध तवरबाट सम्पत्ति आर्जन गर्ने गरेको छ भने त्यो राष्ट्रको लागि घातक बन्दछ । समाजमा गुण्डागर्दी, हत्याहिंसा, भ्रष्टाचार, विभेद, चेलिबेटी बेचबिखन जस्ता गतिविधिहरुले स्थान पाउनु समाजका लागि दुःखद पक्ष हो । श्रम नगरी आयआर्जन गर्ने लोभले यस्ता गतिविधिहरु दिन प्रतिदिन फैलिँदै गएका छन् । अव्यवस्थित शहरीकरणले गर्दा चोरी हत्याहिंसा, हप्ता असुली, चन्दा आतंक, अपहरणले समाजलाई विक्षिप्त बनाएको छ ।



मानिसको चाप बढी भएका शहरहरु काठमाडौं, पोखरा, चितवन, बुटवल, नेपालगञ्ज, विराटनगरलगायतका शहरहरुमा गुण्डागर्दी बढेको छ । गुण्डागर्दीका विभिन्न समूह तथा जस्थाहरु रहेका छन् । यस्ता समूहहरुले समाजलाई त्राही त्राही बनाएका छन् । गुण्डा समूहहरु बिचमा पनि बेला बखतमा एकअर्काविरुद्ध शक्ति प्रदर्शन गर्ने गरेको देखिन्छ । प्रहरीले यस्ता समूहबाट हुने अपराधिक गतिविधिहरुलाई नियन्त्रण गर्न विभिन्न उपायहरु अवलम्बन गरेता पनि पूर्णरूपमा नियन्त्रण गर्न सकेको पाइँदैन ।

एक महिनाअघि काठमाडौंको ठमेल स्थित ओम्नियाा क्लबमा गुण्डा नाइके सानुभाईको समूहले क्लबका सञ्चालक, कर्मचारीहरुलाई कुटपिट गरेर त्रास मच्चाएका थिए । केही वर्षअघि यस्ता गुण्डागर्दी, हप्ता असुली जस्ता अपराधिक गतिविधि मत्थर भए जस्तै थियो । ओम्निया क्लबमा भएको उक्त घटनाले फेरी गुण्डा समूहहरु सल्बलाउन थालेको प्रहरीको अनुमान छ । गुण्डागर्दी नियन्त्रण गर्न काठमाडौं प्रहरीले 'ब्रोकन विन्डो प्रिन्सिपल'लाई अवलम्बन गर्ने बताएको छ । यस सिद्धान्तले सानातिना कसुरमा अपराधिलाई कठोर र आक्रामक सजाय दिलाएर अन्य ठूला घटना हुन नदिने दृष्टिकोण राख्दछ । सानो कसुर भनेर त्यसै छोड्दा झन् अपराधीको मनोबल बढ्ने सम्भावना रहन्छ भन्ने यस सिद्धान्तको मान्यता हो । यसैको आधारमा नेपाल प्रहरीले अपराधिक क्रियाकलाप भइसकेपछि अनुसन्धान तथा कारबाहीसँगै आउँदा दिनमा अपराध हुनै नदिने रणनीति बुनेको हुन्छ ।। त्यस्तै, प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले चलाएको फोक्सट्रोट चार्ली अपरेशनले नेपाली कांग्रेसका सांसद सुनिल शर्मालगायतका केही चिकित्सकहरुलाई पक्राउ गर्‍यो । सिटिजन्स बैंकका छ जना कर्मचारीलाई पनि नेपाल प्रहरीले पक्राउ गर्‍यो । यो नक्कली शैक्षिक प्रमाण पत्रको छानबिनका लागि चालिएको अपरेशन हो । समाजलाई कमजोर बनाएर आफ्नो स्वार्थ सिद्ध गर्ने, धन कमाउने नियतले मानिसले आपराधिक बाटो समाउन खोज्ने प्रवृत्ति देखापरेको छ ।

समाजमा अपराधिक गतिविधि बढ्नुको मुख्य कारण बेरोजगारी हो । राजनीतिक संक्रमण तथा अस्थिरता, जातिय, धार्मिक तथा लैङ्गिक विभेद, असमावेशिकरणबाट पनि सामाजिक हिंसाका रूपहरु देखा पर्दछन् । राज्यले आफ्ना नागरिकको शान्ति सुरक्षा तथा अमनचयन प्रदान गर्न नसक्नु सरकारको कमजोरी हो । आम नागरिकलाई आफ्नो देशको सीमानाभित्र रोजगार, व्यापार व्यवसाय गर्नु तथा आयआर्जन गर्नु र निर्बादरूपमा देशको भ्रमण गर्न पाउने हक हुन्छ । तर नेपाली समाजमा त्यो अनुकुलको वातावरण छैन । नेपालका विश्वविद्यालयहरु बेरोजगारी उत्पादन गर्ने कलकारखाना जस्तै बनेका छन् । अध्ययनपश्चात् रोजगारको ग्यारेण्टी छैन । खोक्रो सैद्धान्तिक शिक्षाले नेपाली युवालाई डिप्रेशनको शिकार बनाएको छ । व्यवहारिक तथा प्राविधिक शिक्षाको अभावले देशको सशक्त जनशक्ति दिनप्रतिदिन विदेश पलायन भएको छ । अर्कोतर्फ, लगानीमैत्री वातावरणको अभावले उद्योगधन्दा फस्टाउन सकेको छैन । जुन क्षेत्रमा पनि राजनीतिक हस्तक्षेपले गर्दा सक्षम युवाशक्ति अवसरबाट बञ्चित हुनु परेको छ ।

> *कानूनहरुको अक्षरस कार्यान्वयन गर्न सकेमा समाजमा घट्ने अपराधलाई नियन्त्रण गरी शान्ति तथा अमनचयन कायम गर्न सकिन्छ । समाजमा शान्ति सुरक्षा स्थापित गर्न सकेमा मुलुकलाई विकासको स्तरोन्नतितर्फ लम्काउन सकिन्छ । अन्तर्राष्ट्रिय समुदायमाझ स्वच्छ छवि बनाउँदै उपयुक्त मेलमिलाप तथा सहकार्य गरी आपराधिक गतिविधि नियन्त्रण गर्न एकै मञ्चमा उभिन सकिन्छ ।*

युवालाई उद्यमशिल बनाउन उपयुक्त शिक्षा तथा तालिमको अभाव छ । किसानलाई नै रुवाउने प्रकृतिको कृषि बजार नेपालमा छ । कृषि उपजको उत्पादनदेखि बजारीकरणसम्म बिचौलियाको प्रभावले कृषकलाई जहिले पनि हातमा लाग्यो शून्य नै बनाएको छ । युवाले आयआर्जनको बाटो समात्न खोज्दा राज्यको प्रक्रियागत जटिलताले गर्दा युवामा जोश जाँगर मरेर जाने सम्भावना रहेको छ । अर्कोतर्फ, अपराधिक गतिविधिमा संलग्न व्यक्ति समूहहरुलाई राजनीतिक संरक्षण छ । यसले गर्दा समाजमा अराजगकता र असुरक्षा बढ्दै गएको पाइन्छ । मुलुकमा सुशासन, दण्डहिनताले गर्दा भ्रष्टाचार र स्वच्छाचारिता मौलाउँदै गएको छ । विभिन्न सञ्जाल खडा गरी संगठित अपराधमा संलग्न व्यक्तिहरुले सम्पत्ति शुद्धिकरण गर्ने, कालो धनलाई सेतो बनाउने जस्ता गैरकानूनी कृयाकलापले समाजलाई गाँज्दै आएको छ ।

समाजका यी तमाम् समस्या पन्छाउन, अपराधिक गति नियन्त्रण गर्न सचेतना अभिवृद्धि गर्नुपर्दछ । मानिसले आयआर्जन गर्न थालेपछि अपराधिक सोंच निर्माण गर्न भ्याउँदैनन् । शिक्षा तथा चेतनाले नै मानिसलाई जिम्मेवार तथा कर्तव्यबोधी बनाउँछ । सामाजिक अपराध नियन्त्रण गर्न कठोर ऐन, कानून तर्जुमा गर्नु आवश्यक हुन्छ । राजनीतिको आडमा अपराध गर्ने र त्यस्तो अपराधलाई राजनीतिक रंग दिने प्रवृत्ति तत्काल रोक्नुपर्दछ । अपराध नियन्त्रण गर्न सबै राजनीतिक दलको ऐक्यबद्धता र सामाजिक संघसस्थाको क्रियाशिलताको खाँचो पर्दछ । युवालाई उत्पादन प्रणालीमा जोडेर स्वाबलम्वन बनाउन जरुरी छ । सामाजिक विकासमा बाधा पुऱ्याउने हरेक पक्षहरुलाई सुक्ष्म ढंगले विश्लेषण गरी निराकरण गर्नु बढि बुद्धिमता हुन्छ ।

व्यवसायमा लगानी गर्नेको पेशागत सुरक्षाको ग्यारेण्टी राज्यले गर्नु पर्दछ । सबै प्रकृतिको श्रमलाई सम्मान गर्ने परिपाटी बसाल्नु जरुरत छ । विदेशी चालचलन, संस्कृतिलाई निरुत्साहित गरी स्वदेशी संस्कृतिको विस्तार गर्नु पर्छ । लागु औषध कारोबारलाई पूर्णरूपमा प्रतिबन्ध लगाउनु पर्छ । सामाजिक अपराध नियन्त्रणका लागि स्थानीय सरकार बढी जिम्मेवार बन्नु पर्छ । त्यसमा नेपाल प्रहरीले अपराधिक घटना घट्न निदिन विभिन्न रणनीतिक योजना बनाई समाजमा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउनु पर्छ । नेपालमा अपराधिक गतिविधि नहुन भन्ने हेतुले स्थानीय प्रशासन ऐन २०२८, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१, संगठित अपराध निवारण ऐन २०७०, मुलुकी फौजदारी संहिता २०७४ लगायतका कानूनहरु कार्यान्वयनको चरणमा छन् । यी कानूनहरुको अक्षरस कार्यान्वयन गर्न सकेमा समाजमा घट्ने अपराधलाई नियन्त्रण गरी शान्ति तथा अमनचयन कायम गर्न सकिन्छ । समाजमा शान्ति सुरक्षा स्थापित गर्न सकेमा मुलुकलाई विकासको स्तरोन्नति तर्फ लम्काउन सकिन्छ । अन्तर्राष्ट्रिय समुदायमाझ स्वच्छ छवि बनाउदै उपयुक्त मेलमिलाप तथा सहकार्य गरी अपराधिक गतिविधि नियन्त्रण गर्न एकै मञ्चमा उभिन सकिन्छ ।

## सामाजिक सञ्जाल



**- निर्मल प्रसाईं**

यति सानो देशलाई प्रदेश सरकारहरु आवश्यक थिएन । यति कम जनसंख्या भएको देशलाई २५ संघीय मन्त्री आवश्यक थिएन । यति गरीब देशलाई उपराष्ट्रपति, उपप्रधानमन्त्री, उपसभामुख, राष्ट्रियसभा, समानुपातिक सांसद, जिल्ला समन्वय समिति, आवश्यक थिएन । कोशीको अस्थिरता र क्विन्टल सुन तस्करीले सबै कुरा पुष्टि गर्छ ।



**- कमल भट्टराई**

छिमेकी जुनमा, हाम्रा सुनमा कसैसँग दाँज्नु ठिक होइन तर, पनि यतिका वर्ष शासन गरेका तमाम शासकहरुलाई सोध्न मन लाग्यो- तपाईंलाईको मनमा अलिकति लाज, केही हिनताबोध, देश र जनताप्रति उत्तरदायित्व जवाफदेहिता छ कि छैन ? हुन त छैन भन्ने प्रमाण दिइसक्नु भएको छ । मनले नमान्ने ।



**- सेतेमान तामाङ**

सामाजिक सञ्जालमा कम्तीमा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता, समुदायबीच एकता कायम हुनेगरी सकारात्मक दृष्टिकोणको बारेमा विचार विमर्श हुनेगरी पोस्ट गर्नुपर्ने हो तर, आपसी द्वन्द्व, सद्भाव खल्बलिने, सम्प्रदायिक भड्काउन सक्ने असभ्य शब्द प्रयोग गरी राष्ट्रको लागि लाजमर्दो घृणित बनाई रहेका छन् ।



**- कृष्ण घिमिरे**

संसदको राज्यप्रतिको दायित्व के हो ? यसको आचार र व्यवहार के हुनु पर्दछ ? त्यसमा बहस तथा विश्लेषण हुन जरुरी छ । भनिन्छ संघीयता तर, संघीय संसदमा अनावश्यक भीड छ । गाउँका कुलोपानीका कुरा मात्र प्रस्तुत हुन्छन् । कुनै पनि सांसद नीतिगत र विधायिकी विषयमा प्रवेश नै गर्दैनन् । आमूल सुघारको खाँचो छ ।

# राजनीतिमा फुट्नु र जुट्नुको अर्थ

विचार



● शम्भू कट्टेल

> *गलतहरुको एकता बढ्यो भने अनिष्ट हुन्छ, सहीहरु गलतहरुबाट फुटेर नयाँ पहिचान लिएर उदाए भने त्यसले अरु राम्राहरुलाई समेट्ने, बरालिएकाहरु वा भ्रान्तहरुलाई दिशा दिने, आशा भर्ने र सही काममा जुटाएर बरु राम्रो गर्छ । त्यसैले, एकता भन्ने चीज सधैं सकारात्मक र फुट भन्ने चीज सधैं नकारात्मक हुँदैन ।*

जोगी पार्टीमा सन्यासी पार्टी जुट्नु वा फुट्नुको मात्र अर्थ नहुने हैन, त्यसमा वा त्यसबाट आशा लाग्दा युवाहरु जुट्नु र फुट्नुबाट पनि आत्तिनु वा मात्तिनु आवश्यक छैन । नेपालका सत्ता बाहिरका सबैजसो पार्टीहरुले अहिले आएर न त पूरारूपमा वैचारिक मञ्चको भूमिका, न कार्यगत मोर्चाको पूर्ण भूमिका, न व्यापक क्रान्तिकारी रणनीतिक मोर्चा, न त क्रान्तिकारी नेतृत्वदायी भूमिका नै निर्वाह गर्न सकेका छन् । उनीहरुको जोड पार्टी एकतामा मात्रै छ ।

ती पार्टीहरु व्यवहारमा (स्थानीय जनसंघर्षमा, प्रतिरोध संघर्षमा, वर्ग संघर्षमा, सुरुमा अनौपचारिक नै किन नहोस् स्थानीय जनसत्ता निर्माण) नओर्लिएकोले उनीहरुलाई कामकाजी मोर्चा निर्माणको आवश्यकता महसुस भइरहेको छैन, आफ्नो जीविका चले पुगेको छ ।

ती जोगी वा सन्यासी पार्टीका नेतृत्व पंक्तिहरुमाथि भनिएका व्यवहारमा गएर आफ्नो जोखिममुक्त जिन्दगीमा दुःख बेसाउन चाहँदैनन् । विगतका शहीदहरुको ब्याजको रूपमा व्यवसायीहरुबाट कुस्त चन्दा उठाएर बाँचेको शहरको सुखसयलपूर्ण जीवनमा उनीहरु धमीरा सल्काउने मुर्खता गर्दैनन् । ती नेतृत्व पंक्तिको सिन्डीकेटले 'आत्मगत स्थिति बनेको छैन' भन्ने रटान लगाएर उनीहरु अनुकूलको बानी व्यहोरा नअपनाउने युवाहरुलाई 'निम्न पुँजीवादी अधैर्यतावादी', 'अवस्तुवादी', 'दुस्साहसवादी', आदि बिल्ला भिराएर थिच्ने, निचोर्ने, तर्साउने, डाँडा कटाउने आदि गरेर आत्मबलहीन र भूमिकाहीन बनाइदिन्छ । क्रान्तिकारी व्यवहारको माग गर्ने त्यस्ता युवा त्यस्ता नेतृत्वको भरोसामा बस्नु समयको बर्बादी मात्रै नभएर ती शहीदहरुको बलिदानप्रति धोका पनि हुन्छ ।

यस्तो गलत प्रवृत्ति हावी भैरहेको अवस्थामा जोगीको पार्टीमा सन्यासी जोडिनु वा फुट्नुले महत्व राख्दैन । न त त्यसमा वा त्यसबाट आशा लाग्दा युवाहरु जुट्नु र फुट्नुबाट नै आत्तिनु वा मात्तिनु आवश्यक छ । किनकि बदमाशहरुको हुलमा क्रान्तिकारी युवाहरुको सानो समूहलाई त्यहाँ भएको अकर्मण्यता पक्षधर ऐन कानूनहरुले आफ्नो भूमिका निर्वाह गर्न वातावरण दिँदैन । ठूला पार्टीका देशव्यापी नेटनर्क भएपनि ती युवाहरुले त्यसलाई परिचालित गर्न सक्दैनन् । बरु ती क्रान्तिकारी युवाहरुले ती व्यवहार शून्य पार्टीहरुबाट अलग भएर, अलग दस्ता बनाएमा उनीहरुले आफ्नो भूमिका प्रदर्शन गर्ने बढी अवसर पाउँछन् र ती भूमिकाले समाजमा बढी प्रभाव छोड्न सक्छन् । गलतहरुको एकता बढ्यो भने अनिष्ट हुन्छ, सहीहरु गलतहरुबाट फुटेर नयाँ पहिचान लिएर उदाए भने त्यसले अरु राम्राहरुलाई समेट्ने, बरालिएकाहरु वा भ्रान्तहरुलाई दिशा दिने, आशा भर्ने र सही काममा जुटाएर बरु राम्रो गर्छ । त्यसैले, एकता भन्ने चीज सधैं सकारात्मक र फुट भन्ने चीज सधैं नकारात्मक हुँदैन ।

मानौं, केही युवा दस्ताले आफ्ना नेतृत्व पंक्तिको सकारात्मकता वा विकासशीलतालाई बुझ्न सकेनन् र गलत मूल्यांकन गरेर अलग भए रे ! त्यसबाट पनि बृहत्तर समाजलाई घाटा हुँदैन किनकि सहीहरु बीचको सहकार्यको लागि परिवर्तनकामी मैदानले त सधैं नै स्वागत गरिरहेको हुन्छ । सहीहरुले आफ्नो सहीपना प्रदर्शन गरे भने गलतहरुलाई सच्चिनमा जबरजस्त दबाव पर्छ र फेरि पनि एकताको ठाउँ त हराउँदैन । भाँडिएका भाईहरुले छुट्टिएपछि प्रगति गरेजस्तै वा छुट्टिएको केही वर्षपछि केटाकेटीहरुले आउजाउ बढाएर आमाबाबुहरुबीच विस्तारै पुनर्मिलन गराए जस्तैको प्रक्रिया हो यो ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | धर्मपालनामा रुचि देखिन्छ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृष | : | पुरानो कार्य बन्ने योग छ । अनावश्यक कार्यमा समय लगाउनु हुँदैन । |
| मिथुन | : | साथी-भाईबीच सुमधुर सम्बन्ध बनिरहनेछ । जिद्दि स्वभाव भने त्याग्नुपर्छ । |
| कर्कट | : | नयाँ सम्पर्क हुनेछ । पराक्रममा वृद्धिको योग छ । |
| सिंह | : | विरोधी सक्रिय रहन्छन् । दैनिक आयमा भने वृद्धि हुनेछ । |
| कन्या | : | स्वास्थ्य राम्रो रहनेछ । व्यापारको लागि समय शुभ छ । |
| तुला | : | नाता-गोता सित भेटघाट हुनेछ । चिन्ताको योग छ । |
| वृश्चिक | : | वाणी संयम राख्नुहोला । पारिवारिक उल्झन रहनेछ । |
| धनु | : | आयमा वृद्धि हुनेछ । स्वास्थ्यमा सुधार आउनेछ । |
| मकर | : | अनावश्यक विवादमा परिने योग छ । पैतृक धनलाभ हुनेछ । |
| कुम्भ | : | धार्मिक कार्यमा रुचि बढ्नेछ । घरेलू जीवन सुखमय रहनेछ । |
| मीन | : | प्रियजनसँग भेट हुनेछ । विस्तारै सफलता प्राप्त हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# माउन्ट एल्ब्रस आरोहणमा सुशील शेर्माको अनुभव



**सिबी अधिकारी/रासस**
काठमाडौं, ७ भदौ

सगरमाथा आरोही सुशील शेर्मालाई लागेको थिएन कि रसियाको माउन्ट एल्ब्रस हिमाल आरोहण तुलनात्मक रुपमा कठिनाइ होला । उनमा युरोपको सबैभन्दा अग्लो र प्रमुख चुचुरो समुद्री (सतहभन्दा पाँच हजार ६ सय ४२ मिटरमाथि) को आरोहणको हुटहुटी थियो । बेचैन मन र अगाध उत्साहकासाथ आरोहणयात्रा तय गर्दै उनी गत साउन २६ गते आरोहणका लागि रसिया गए ।

आरोहण प्रक्रिया पूरा गरी गत बिहीबार साउन ३२ गते बिहान शेर्माले माउन्ट एल्ब्रसको चुचुरोमा पुगेर राष्ट्रिय झण्डा फहराउन सफल भए । 'हाँस्दाहाँस्दै रुनुपर्ने अनौठो अनुभूति हुँदोरहेछ, एल्ब्रसको चुचुरो चढ्दा त्यस्तै भयो,' हिमाल आरोहण सकेर मंगलबार काठमाडौं ओर्लिएका आरोही शेर्माले भने, 'क्षणभरमै बदलिरहने मौसमका कारण कतिबेला के हुन्छ अनुमान लगाउनै नसकिने रहेछ ।'

सगरमाथा र एल्ब्रस चढ्न कुन बढी कठिनाइ रहेछ भनी सोधिएको जिज्ञासामा आरोही शेर्माले भने, 'फरक भनेको हिमालको उचाइ मात्रै हो । हिउँ उस्तै हो, हिमाल चढाइको रमाइलो र कष्ट दुवै उस्तै हुन् । हिमालमा देखिने दृश्य र ती दृश्यले लोभ्याउने पल, मौसममा आएको बदलीले उब्जाउने त्रास सबै उस्तै हुन् । त्यहाँ पुग्दा सगरमाथाको उचाइमा पुगेजस्तै अनुभूति भयो ।'

आरोही शेर्माको बुझाइमा सगरमाथामा हिमपहिरो र ग्लेसियर बढी जोखिम हुनेगर्छ भने एल्ब्रसमा ग्लेसियर कम हुने हुनाले दुर्घटनाको जोखिम कम हुन्छ । उनले विसं २०७४ मा सर्वोच्च शिखर सगरमाथा आरोहण गरेका थिए ।

एल्ब्रस हिमालका लागि काठमाडौंदेखि मस्को हुँदै मिनिटल्नी बोधे भन्ने ठाउँसम्म हवाई मार्गबाट जानुभएका शेर्मा त्यहाँबाट करिब ६ घण्टा पैदलयात्रापछि आजाउमा पुगेका थिए । शेर्माले आजाउबाट तेसकोल हुँदै छिकेद पिकसम्मको आरोहण अभ्यास गरेका थिए । उनको टोलीमा नेपाली गाइड चतुरमान तामाङ र रसियन गाइड डेनिससहित त्यहाँका तीन आरोही गरी पाँचजना सहभागी थिए ।

आजाउ नजिकैको माउन्टेन हटदेखि बुधबार मध्यरात माउन्ट एल्ब्रसका लागि प्रस्थान गर्नुभएका उनले रातभर आरोहण यात्रा तय गरेर बिहीबार बिहान ५:१५ बजे सफलतापूर्वक आरोहण गरी नेपाली झण्डा फहराएका थिए । शेर्माको पर्वतारोहणको चाँजोपाजो ट्रेकिङ एजेन्सी चतुर ट्रेक एन्ड एभडेन्चर प्रालिले गरेको थियो ।

रसियाको हिमाल आरोहणका क्रममा त्यहाँका नागरिकलाई सगरमाथा, लुम्बिनीलगायत नेपालका धार्मिक एवम् पर्यटकीयस्थलका बारेमा जानकारी दिँदै उनीहरुलाई नेपाल भ्रमणको निम्तो दिएको आरोही शेर्माले बताए । 'आरोहणका क्रममा आफूले बयान गरेको यहाँको वस्तुस्थितिका बारेमा सबै आरोहीले कौतुहलतापूर्वक सुनेका थिए,' उनले भने, 'उनीहरुले नेपाल भ्रमणमा आउने चासो पनि देखाएका छन् ।'

शेर्माले यसपछि तान्जानियाको किलि मन्जारो हिमाल आरोहण गर्ने योजना बनाएका छन् । सात महादेशका सात वटै अग्ला हिमाल आरोहण गर्दै विश्व शान्ति, मानव एकता र नेपालको पर्यटन प्रवर्द्धनमा योगदान पुर्‍याउने उद्देश्यले हिमाल आरोहण अभियान सुरु गरिएको शेर्माले बताए । आरोहण अभियानको नारा 'विश्व मानव शान्तिका लागि मानव एकता र धार्मिक सहिष्णुता कायम राखौँ' रहेको उनले जानकारी दिए ।

पाँचथरका ३६ वर्षीय शेर्माले यसअघि सर्वोच्च शिखर सगरमाथासहित लाङटाङ र आइसल्यान्ड पिकको सफल आरोहण गरिसकेका छन् । उनले नेपालको होचो भूभाग केचनाकवलदेखि विश्वको तेस्रो हिमाल कञ्चनजङ्घा बेस क्याम्पसम्मको पैदलयात्रा पनि गरिसकेका छन् । पर्यटनका माध्यमबाट देशको आर्थिक समृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गर्दै उनले पर्यटन प्रवर्द्धनका साथै धार्मिक सहिष्णुता कायम गर्नका लागि आफू लागेको बताए ।

'देश पर्यटनको माध्यमबाट समुन्नत र समृद्धिको दिशामा अघि बढोस् भन्ने मेरो चाहना छ, पर्वतारोहीलाई राज्यले पनि सम्मान गर्नुपर्छ । उनीहरुको जीविकोपार्जनका लागि केही व्यवस्था हुनसके पवर्ततीय पर्यटनको प्रभावकारी प्रवर्द्धन हुने थियो,' आरोही शेर्माले भने । आरोहणलाई व्यवस्थित र सुरक्षित बनाउन विशेषज्ञबाट तालिमको यथोचित व्यवस्था गरी पूर्ण व्यावसायिक बनाउन जरुरी रहेकामा उनले जोड दिए । आफ्नो भाषा, संस्कृतिलाई संरक्षण गर्दै अर्को देशको भाषा, संस्कृतिलाई पनि सम्मान गर्नुपर्ने उनले धारणा राखे ।

आरोही शेर्मालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा शेर्मा समुदायका अगुवा एवम् प्रतिनिधिले सांस्कृतिक परम्परासहित स्वागत गरेका थिए । स्वागतपछि आयोजित कार्यक्रममा शेर्मालाई सम्मान गरिएको थियो । सोही अवसरमा उनले आफ्नो आरोहण अनुभव सुनाएका हुन् ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०८**

**दिनाभद्री बाबा कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८०/०१/३१ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रोसन राजु कन्स्ट्रक्सन कन्सल्टेन्सी एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं.: २२६७६१)** कायम गर्ने गरी मिति २०८०/०२/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०/०५/०८**

**जय गोरखकाली इन्जिनयरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०७९/१२/१० गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गोरख इंफ्रास्ट्रक्चर प्रा.लि. (प्रा.लि. नं.: ६०६००)** कायम गर्ने गरी मिति २०८०/१२/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## यूएईमा रोजगार

कम्पनी: GATEWAVE INFORMATION TECHNOLOGY CO. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८० चलानी नं.: ६०२०६६८० LT. No.: 291430

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Filling Clerk | 2 | 2 | सम्बन्धित काममा दक्ष | 2500 | ८९,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | IT Manager | 1 | 1 | | 3500 | १२५,७९० | | | | | | | |
| 3. | Marketing Manager | 0 | 3 | | 3500 | १२५,७९० | | | | | | | |
| 4. | Office Boy. | 2 | 0 | | 2000 | ७१,८८० | | | | | | | |
| 5. | Office Girl. | 0 | 3 | | 2000 | ७१,८८० | | | | | | | |
| 6. | Office Supervisor | 1 | 2 | | 2500 | ८९,८५० | | | | | | | |
| 7. | Project Manager | 1 | 0 | | 3000 | १०७,८२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १५ गते (1 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile : 9804907356

## मलेसियामा रोजगार

कम्पनी : PAPPA PW SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०४/१५ चलानी नं.: ६०१८४१६६ LT. No.: 268313 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० भदौ १८ र १९ गते (4 & 5 September 2022) मा हुनेछ ।

कम्पनी : PERMATANG BAKTI SDN BHD शहर: Kuala Lumpur
पूर्व स्वीकृत मिति: २०८०/०१/०७ चलानी नं.: ६०२००५०२ LT. No.: 285159 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० भदौ १७ र १८ गते (3 & 4 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Damaru Resources Pvt. Ltd.**
Gov. Lic. No. 508/061/062
Gairigaon, Tinkune (Between Annapurnapost and Bajaj Showroom), Kathmandu
Ph: 4112433, 4112438 Mobile: 9801142427, 9801142429
E-mail: mohandamaru@yahoo.com, damaruresources61@gmail.com, Web: www.damaruhr.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROMA GLOBAL CO. FOR DELIVERY OF CONSUMER ORDERS W.L.L. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०३/१२ चलानी नं.: ६०१८१७७८ L.T. No.:265708 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver / Biker Rider | 23 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ५९,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour / Reporter | 32 | 5 | | 95 | ४०,६५७ | | | | | | | |
| 3. | Vehicle / Light Driver | 38 | 0 | | 140 | ५९,९१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १५ गते (1 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Fusion International Pvt Ltd**
Panchakumari Marga, New Baneshwor, Kathmandu, Nepal
Tel 01-4465326 | Email: info@fusionintlpvt.com
Website:www.fusionintlpvt.com
Gov Lisence No: 283/058/059

## UAE मा रोजगार

कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC शहर: DUBAI, UAE
पुर्व स्वीकृत मिति: २०८०/०५/०६ चलानी नं.: ६०२०६६५० No.: 291385

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1450 | ५२,११३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waitress | 0 | 100 | | 1450 | ५२,११३ | | | | | | | |

अन्तर्वार्ता अरिक्ल भेन्यू चक्रपथ काठमाडौंमा २०८० भदौ ९ गते (26 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा पोखरा कास्कीमा २०८० भदौ १० गते (27 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**फ्युचर ईम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
लाजिम्पाट- २, गैरीधारा, काठमाडौं, नेपाल, श्रम ईजाजत नं. : ६२७/०६३/०६४
Kathmandu: 9803741162, 9828573037, 9851318762, 9851318765
Chitwan: 9855051698, 9844614269/Pokhara:061-544524 , 9805156820, 9806708246
Jhapa: 9802774231, 9802313731.
E-mail: cv@futuregroup.com.np, web: www.futuregroup.com.np

## साईप्रसमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: CLAIRE MARINA 2010 EMPLOYMENT AGENCY शहर: Cyprus, Limassol
पूर्व स्वीकृत मिति: २०८०/०२/२५ चलानी नं.: ६०२०२८६९ LT. No.: 287269 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bartender | 6 | 0 | सम्बन्धित काममा दक्ष | 850 | १२१२५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 4 | 0 | | 1000 | १४२६५० | | | | | | | |
| 3. | Electrician | 2 | 0 | | 850 | १२१२५२ | | | | | | | |
| 4. | Receptionist | 0 | 7 | | 700 | ९९८५५ | | | | | | | |

२. कम्पनी: CLAIRE MARINA 2010 EMPLOYMENT AGENCY शहर: Cyprus, Limassol
पूर्व स्वीकृत मिति:२०८०/०३/०८ चलानी नं.:६०२०३५३१ LT. No.: 288077 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 0 | 8 | सम्बन्धित काममा दक्ष | 650 | ९२७२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waitress | 0 | 8 | | 700 | ९९८५५ | | | | | | | |
| 3. | Plumber | 1 | 0 | | 850 | १२१२५२ | | | | | | | |
| 4. | Spa Therapist | 0 | 1 | | 800 | ११४१२० | | | | | | | |

३. कम्पनी: CLAIRE MARINA 2010 EMPLOYMENT AGENCY शहर: Cyprus, Limassol
पूर्व स्वीकृत मिति: २०८०/०२/२५ चलानी नं.: ६०२०२८६७ LT. No.: 287268 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 0 | 2 | सम्बन्धित काममा दक्ष | 750 | १०६९८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Domestic Worker | 0 | 1 | | 315 | ४४९३४ | | | | | | | |
| 3. | Waiter/waitress | 8 | 1 | | 700 | ९९८५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १५ गते (1 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**GLOBAL RISING PLACEMENT PVT. LTD.**
GLOBAL RISING PLACEMENT PVT. LTD. Your Job is Our Job
Govt. Lic. No. 1616/079/080
Pingalasthan-9, Goushala, Kathmandu, Nepal
www.globalrisingplacement.com cv@globalrisingplacement.com
01- 5915317 | 5917318 9801316640 | 9801316636

## UAE मा रोजगार

कम्पनी: PRIVATE EYES MANAGEMENT CONSULTANCIES CO. शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०५/०५ चलानी नं.: ६०२०६६०४ L.T. No.: 291404

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १५ गते (1 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**BRIGHT FUTURE HR SOLUTION PVT.LTD.**
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१-५९१४६३२, फोन नं.: ९८०३७११६०५,९८१८०१२७०१
Email : cvsbrightfuturehrs@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: OBAIDULLAH BARAKA AL HARBI CONTRACTING COMPANY
पूर्व स्वीकृत मिति: २०८०/०५/०७ चलानी नं.: ६०२०६६८३ LT. No.:291533 शहर: RIYADH

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ६३,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १५ गते (1 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Al Sasha Overseas Pvt. Ltd.**
Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 01-4592240, 4592241

## QATAR मा रोजगार

कम्पनी: CYAN INTERNATIONAL SERVICES शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/०५/०६ चलानी नं.: ६०२०६६६० L.T. No.:291437

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 0 | 1 | | 1000 | ३६,२१० | | | | | | | |
| 3. | Waiter | 3 | 1 | | 1400 | ५०,६९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १५ गते (1 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
